मस्यौदा प्रति

# गढी गाउँपालिका सुनसरी
## आत्मनिर्भर महिला समुह गठन, दर्ता तथा सञ्चालन कार्यविधि-२०८२

**प्रस्तावना:** गरिबीको रेखामुनि रहेका महिलाहरुको सामाजिक, आर्थिक र राजनैतिक अवस्थामा सवलिकरण गर्न उनीहरूलाई संगठित गरी महिलाप्रति हुने लैंगिक भेदभाव अन्त्य गर्न, जोखिमपूर्ण समुदायका महिलाहरूको क्षमता विकास गरी सामाजिक क्रियाकलापहरूमा सहभागिता गराउन, बचत तथा ऋण परिचालन गरी आयआर्जन बृद्धि गर्न, समुदाय तथा स्थानीयस्तरमा महिलाको पहुँच बढाउनका लागि टोल, वडा र गाँऊपालिकास्तरीय महिला समुह गठन तथा सञ्चालन गर्न लागिएको हो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा ४ ले दिएको अधिकार प्रयोग गरी गढी गाँउपालिकाले महिलाहरुको अधिकार प्रवर्द्धन गर्न, उनीहरुको आय आर्जनमा बृद्धि गर्न, हक र अधिकारको रक्षा गर्न, सरकारी संयन्त्रहरुमा महिलाको पँहुच बृद्धि तथा स्थापित गर्न, समग्र महिलाहरुको विकास गरी समतामुलक समाजको निर्माण गर्न महिला आत्मनिर्भर समुह गठन, दर्ता तथा सञ्चालन कार्यविधि, २०८२ बनाई लागु गरेको छ ।

### परिच्छेद - १
### प्रारम्भिक

**१. सक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिको नाम गढी गाउँपालिकाको महिला समूह दर्ता तथा सञ्चालन सम्वन्धी कार्यविधि, २०८२ रहनेछ ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

(ग) यो कार्यविधि गाँउपालिका भर लागु हुनेछ ।

(घ) यो कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा ४ ले दिएको अधिकार प्रयोग गरी जारी गरिएको छ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा

(क) "आत्म निर्भर समुह" भन्नाले टोलस्तरमा समान उद्देश्य भएको महिलाको समुहलाई जनाउँछ ।

(खं) "वडा महिला सञ्जाल" भन्नाले टोलस्तरमा रहेको समुहले प्रतिनिधि छनौट गरी बनाएको वडास्तरीय महिला सञ्जाललाई जनाउँछ ।

(ग) "गाँऊपालिकास्तरीय महिला सञ्जाल" भन्नाले वडास्तरमा रहेको सञ्जालले प्रतिनिधि छनौट गरी बनाएको गाँऊपालिकास्तरीय सञ्जाललाई जनाउँछ ।

(घ) "अध्यक्ष" भन्नाले गाँऊपालिकास्तरीय महिला सञ्जालको अध्यक्षलाई जनाउँदछ ।

(ङ) "महिला" भन्नाले गाउँपालिकाभित्र बसोबास गरेका २० वर्ष उमेर पुरा भएका महिलाहरुलाई जनाउँछ ।

(च) "टोल" भन्नाले गाँऊपालिकाको निश्चित क्षेत्रमा बसोबास गरेका मानव बस्तीलाई जनाउँछ।

(छ) "गाउँपालिका" भन्नाले गढी गाउँपालिकालाई जनाउँछ ।

(ज) "कार्यपालिका" भन्नाले गढी गाउँपालिकाको कार्यपालिकालाई जनाउँछ ।

(झ) "कार्यालय" भन्नाले गढी गाउँपालिकाको कार्यालयलाई जनाउँछ ।

(ञ) "परिवार" भन्नाले सगोलमा बसोबास गरेको एकै भान्सामा खाना खाने, वैवाहिक वा रक्त सम्बन्धको आधारमा एकिकृत भएको मानव समुहलाई जनाउँछ ।

**३. उद्देश्यहरु:** आत्मनिर्भर महिला समूह गठन तथा सञ्चालनको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहनेछन,

(क) महिलाहरुलाई एंकजुट गराई सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक, लैंगिक तथा विविध क्षेत्रमा उनीहरुको सहभागिता बृद्धि गर्ने ।

(ख) आत्म निर्भर समुहमा बचत गरी त्यसको परिचालन मार्फत आयआर्जनमा बृद्धि गर्ने र स्थानीय तहमा प्रवाह गरिने सेवामा महिलाको पँहुच अभिवृद्धि गर्न ।

(ग) महिलाहरुलाई आफ्ना हक, हित, अधिकार र जिम्मेवारीका बारेमा जागरुक गराउने ।

(घ) गाँऊपालिका तथा वडाबाट सञ्चालन हुने सहभागितामुलक योजना तर्जुमा, अनुगमन तथा मुल्यांकन प्रकृयामा महिलाहरुलाई सहभागी गराउने ।

(ङ) सामाजिक विकृती, विसंगती, कुरीति, अन्धविश्वास, लैंगिक विभेद, सामाजिक अपहेलनाविरुद्ध आवाज उठाउन जागरुक गराउने ।

(च) स्थानीय स्तरमा माग भई स्वीकृत भएका महिला सम्वन्धी कार्यक्रम आत्मनिर्भर समुहबाट सञ्चालन गर्ने गराउने ।

## परिच्छेद - २
## आत्म निर्भर समुह गठन

**४. आत्मभिर्भर समुह गठन गर्दा सदस्यहरुको छनौटका आधारहरु**

गाँऊपालिकाको सामाजिक विकास शाखा मातहतमा आत्मनिर्भर महिला समुह गठन गर्दा देहायका विषयमा ध्यान दिनुपर्दछ,

(क) जोखिम अवस्थामा रहेका महिलाहरुको आवश्यकतालाई मध्यनजर गर्दै साझा उद्देश्य भएको ।

(ख) समान सामाजिक तथा आर्थिक अवस्था भएका तथा एउटै क्षेत्र वा टोलमा बसोबास गर्ने ।

मस्यौदा प्रति

(ग) २० वर्ष उमेर पूरा भई ६० वर्ष उमेर ननाघेका महिला हुनुपर्ने तर महिलाको चाहना र उद्देश्यलाई पुरा गर्नका लागि सदस्यता लिनबाट बञ्चित पारिने छैन ।

(घ) कुनै गैरकानुनी कार्यमा संलग्नता नभएको र नरहेको ।

(ङ) मानसिक अवस्था ठिक भएको हुनुपर्ने ।

**५. टोलस्तरीय महिलाहरुको आत्मनिर्भर समुह गठन प्रकृया**

(क) प्रत्येक वडाका टोलहरुमा समान अवस्था र उद्देश्य भएका महिलाहरु सदस्य रहेको कम्तीमा ११ सदस्यीय आत्मनिर्भर महिला समुह गठन हुनेछ ।

(ख) गठन भएको समुहको भेलाबाट पालोपालो चक्रिय नेतृत्व गर्ने गरी समुहको सहजकर्ता र अभिलेखकर्ता छनौट हुनेछ ।

(ग) प्रत्येक एक बर्षमा समुहमा सहजकर्ता र अभिलेखकर्ताको छनौट हुनेछ ।

**६. टोलस्तरीय महिला आत्मनिर्भर समुहको काम र कर्तव्य**

टोलस्तरीय महिला आत्मनिर्भर समुहले देहाय बमोजिमको कार्य गर्नुपर्नेछ

(क) सदस्यहरुबिच साप्ताहिकरुपमा बैठक बसी समुहले गरेका काम, आगामी योजना र सदस्यहरुको क्षमता विकासको कार्यहरु गर्ने ।

(ख) समुहमा सदस्यहरुबिच बचत गर्ने बानीको विकास गर्ने गराउने र बचतलाई ऋणमा परिचालन सदस्यहरुको आयआर्जन बृद्धि गर्ने ।

(ग) समुहका कार्यहरुको रेकर्ड राख्ने तथा आम्दानी खर्चको पनि रेकर्ड अद्यावधिक गरी राखी प्रतिवेदन बनाउने ।

(घ) बाल दुर्व्यवहार, बाल विवाह, बहुविवाह, लैंगिक हिंसा, महिला हिंसा, अन्धविश्वास, कुरीति, मानव वेचविखन, जस्ता सामाजिक समस्याको अन्त्यका लागि कार्यहरु गर्ने ।

(ङ) वडा कार्यालय, गाउँपालिका तथा अन्य संघसंस्थाहरुबाट सञ्चालित योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सक्रिय सहभागिता जनाउने ।

**७. वडास्तरीय महिला सञ्जाल गठन प्रक्रिया**

(क) प्रत्येक वडाका टोलहरुमा कम्तिमा ७ वटा आत्मनिर्भर समुहहरु गठन भएर उनीहरुको क्षमता विकास भएपछि वडास्तरीय महिला सञ्जाल गठन हुनेछ ।

(ख) वडास्तरीय महिला सञ्जालमा प्रत्येक आत्मनिर्भर समुहबाट कम्तिमा दुईदुई जना प्रतिनिधिहरुको सशभागिता हुनेछ ।

**८. वडास्तरीय महिला सञ्जालको काम र कर्तव्य**

(क) आत्मनिर्भर समुहहरुको क्षमता विकास गर्न सहयोग गर्ने, उनीहरुका कार्यमा सहजिकरण गर्ने र सामुहिक कार्यका लागि उत्प्रेरणा गर्ने ।

(ख) बचत रकम परिचालन, ऋण असुली आदि कार्यमा अनुगमन तथा मुल्यांकन गर्ने ।

(ग) वडा कार्यालय, गाँऊपालिका तथा अन्य संघसंस्थाहबिच सहकार्य र समन्वय गरी आत्मनिर्भर समुहको विकासमा सहयोग गर्ने ।

९. **गाँऊपालिकास्तरीय महिला सञ्जाल गठन प्रक्रिया**

(क) प्रत्येक वडामा गठन भएका वडास्तरीय महिला सञ्जालहरुको प्रतिनिधित्वको आधारमा गाँऊपालिकास्तरीय महिला सञ्जाल गठन हुनेछ ।

(ख) प्रत्येक वडामा गठन भएका वडा महिला सञ्जालबाट कम्तिमा दुई दुई जना प्रतिनिधिहरुको सहभागिता हुनेछ ।

१०. **गाँऊपालिकास्तरीय महिला सञ्जालको काम र कर्तव्य**

(क) आत्मनिर्भर समुह र वडास्तरीय महिला सञ्जालहरुबिच समन्वयकारी भुमिका निर्वाह गर्ने ।

(ख) महिलाको विकासका लागि गाँऊपालिकास्तरमा भएको श्रोत र साधन परिचालन गर्न पैरवि तथा अनुगमन गर्ने ।

## परिच्छेद - ३
## सुचिकरण, दर्ता तथा अभिलेखिकरण

११. **आत्मनिर्भर महिला समुह तथा सञ्जालहरुको सुचिकृत तथा दर्ता**

(क) टोलस्तरीय महिला आत्मनिर्भर समुहका सदस्यहरुले सबै विवरण खुलाएर नागरिकताको प्रतिलिपी र समुहको नामाकरण समेत गरी अनुसुची -१ बमोजिमको निवेदन वडामा दिनु पर्नेछ र त्यसरी दिएको निवेदनको आधारमा वडाले आत्मनिर्भर महिला समुहहरुको सुचिकरण गर्नेछ ।

(ख) वडास्तरीय महिला सञ्जालले आफ्नो विवरण खुलाएर नागरिकताको प्रतिलिपी र सञ्जालको नामाकरण समेत गरी अनुसुची -२ बमोजिमको निवेदन वडामा दिनु पर्नेछ र त्यसरी दिएको निवेदनको आधारमा वडाले वडास्तरीय महिला सञ्जालको सुचिकरण गर्नेछ ।

(ग) गाँऊपालिकास्तरीय महिला सञ्जालले निवेदन (अनुसुची-३) र विधान (अनुसुची-४) बमोजिम गाँऊपालिकाको सामाजिक विकास शाखामा बुझाउनु पर्दछ। र त्यसरी दिएको निवेदनको आधारमा गाँऊपालिकाले गाँऊपालिकास्तरीय महिला सञ्जाल दर्ता गर्नेछ । दर्ताका लागि आवश्यक कागजपत्रहरु

(१) महिला सञ्जालले निवेदन नामसहित (अनुसुची-३)

(२) गाँऊपालिका महिला सञ्जाल विधान सदस्यहरुको हस्ताक्षसहित (अनुसुची-४)

(३) सञ्जालको कार्यालय रहने वडाको सिफारिस

(४) प्रत्येक सदस्यहरुको नेपाली नागरीकताको प्रतिलिपि

**१२. अभिलेखिकरण**

(क) वडा कार्यालयले प्राप्त निवेदनको आधारमा आत्मनिर्भर महिला समुह र वडास्तरीय महिला सञ्जालको सुचिकरण गरी अनुसुची–५ बमोजिम अभिलेख खातामा अभिलेख राख्नु पर्नेछ ।

(ख) गाँऊपालिकाले दर्ता भएको गाँऊपालिकास्तरीय महिला सञ्जाललाई अनुसुचि–६ बमोजिम महिला सञ्जाल दर्ता प्रमाण-पत्र प्रदान गर्नु पर्नेछ ।

(ग) प्रत्येक टोलमा एक भन्दा बढी एउटै उद्देश्य भएको आत्मनिर्भर महिला समुह दर्ता गरिने छैन ।

**१३. समुह पुनर्गठन**: आत्मनिर्भर महिला समुह तथा वडास्तरीय महिला सञ्जालले आफ्नो आवश्यकताको आधारमा कम्तिमा वर्षको एकपटक समुहमा निर्णय गरी पुर्नगठन गर्न सक्नेछ।

**१४. गाँऊपालिकास्तरीय महिला सञ्जालको नवीकरण**

(क) गाँऊपालिकास्तरीय महिला सञ्जालले आफ्नो महिला समूह दर्ता प्रमाण पत्र प्राप्त गरेपछि प्रत्येक वर्ष असोज मसान्त सम्ममा नवीकरण गर्नु पर्दछ ।

(ख) लगातार पाँच वर्षसम्म सञ्जाल नवीकरण नभएमा उक्त सञ्जाल खारेज हुनेछ ।

(ग) नवीकरण गाँऊपालिकाले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद - ४
## विविध

**१५. समुह तथा सञ्जालको हिसाबकिताबको अभिलेखन**

(क) आत्म निर्भर समुहले आफ्नो हिसाबकिताबको अभिलेख अनुसुची -७ मा उल्लेखित ढाँचा बमोजिम राख्नुपर्नेछ ।

(ख) आत्म निर्भर समुहले राखेको हिसाबकिताबको नियमित जाँच तथा अनुगमन गर्न वडास्तरीय महिला सञ्जालमा तीन सदस्यीय लेखापरिक्षण समिति गठन गर्नु पर्नेछ ।

(ग) लेखापरिक्षण समितिले मासिक रुपमा समुहको हिसाव किताव अनुगमन तथा जाँच गरी समुहलाई आवश्यक सल्लाह र निर्देशन दिनेछ ।

**१६. समुह तथा सञ्जाल खारेजी सम्बन्धी व्यवस्था**: कुनै आत्मनिर्भर महिला समुह तथा सञ्जालले उद्देश्य विपरीत कार्य गरेमा वा प्रचलित कानुन विपरित कार्य गरेमा गाँऊपालिकाले जुनसुकै बखत त्यस्तो समुह वा सञ्जाललाई खारेज गर्न सक्नेछ ।

**१७. खारेजि र वचाउः-**

(क) यो कार्यविधि प्रचलित संघ, प्रदेश तथा गाँऊपालिकाले बनाएको अन्य कानुनसँग बाझिएको अवस्थामा स्वतः खारेज हुनेछ । साथै यो कार्यविधि बन्नु पुर्व गाँऊपालिकामा कुनै कारणले दर्ता हुन आएका समुहहरु यसै कार्यविधि अनुरुप दर्ता हुन पर्नेछ ।

(ख) कार्यविधि कार्यन्वयनमा कुनै बाधा उत्पन्न भएमा गाँऊपालिकाको निर्णय अनुसार बाधा अड्काउ फुकाउ गरिनेछ ।

**१८. आवश्यक समन्वय र सहयोगः**

यस कार्यविधि बमोजिम गठित समुहरुको गठन, सञ्चालन एवं व्यवस्थापनमा गाँऊपालिकामा उपलब्ध भएसम्म प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउने छ ।

मस्यौदा प्रति

अनुसूची -१

कार्यविधिको परिच्छेद ३ दफा ११ उपदफा (क) सँग सम्बन्धित

**आत्मनिर्भर महिला समुहले सुचिकरणका लागि दिने निवेदनको ढाँचा**

श्री सचिव ज्यू,
..... नं वडा कार्यालय
गढी, सुनसरी

**विषयः आत्मनिर्भर महिला समुह सुचिकरण गरी पाउँ ।**

**महोदय,**

प्रस्तुत विषयमा यस देवानगञ्ज गाँउपालिका वडा नं. ..को ......... ..टोलमा मिति ......... मा तपसिल बमोजिम सदस्यहरु रहने गरी ............. आत्मनिर्भर महिला समुह गठन गरिएको हुँदा यस समुहलाई गढी गाँउपालिकाको ....नं वडा कार्यालयमा सुचिकरण गरी दिनु हुन अनुरोध छ ।

**तपसिलः**

| सि.नं. | सदस्यको नाम | ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |

निवेदक
प्रतिनिधिको नामः
आत्मनिर्भर महिला समुहको नामः
ठेगानाः
मितिः

मस्यौदा प्रति

## अनुसूची -२

कार्यविधिको परिच्छेद ३ दफा ११ उपदफा (ख) सँग सम्वन्धित

**वडास्तरीय महिला सञ्जालले सुचिकरणका लागि दिने निवेदनको ढाँचा**

श्री सचिव ज्यू,
..... नं वडा कार्यालय
गढी, सुनसरी

**विषयः वडास्तरीय महिला सञ्जालको सुचिकरण गरी पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा यस देवानगंञ्ज गाँउपालिका वडा नं.... मा मिति ........................ मा तपसिल बमोजिम सदस्यहरु रहने गरी ............. वडास्तरीय महिला सञ्जाल गठन गरिएको हुँदा यस सञ्जाललाई गढी गाँउपालिकाको .....नं वडा कार्यालयमा सुचिकरण गरी दिनु हुन अनुरोध छ ।

तपसिलः

| सि.नं. | वडा सञ्जालका सदस्यको नाम | ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |

निवेदक
प्रतिनिधिको नामः
वडास्तरीय महिला सञ्जालको नामः
ठेगानाः
मितिः

मस्यौदा प्रति

अनुसूची- ३

कार्यविधिको परिच्छेद ३ दफा ११ उपदफा (ग) सँग सम्बन्धित

**गाँउपालिकामा पालिकास्तरीय महिला सञ्जाल दर्ता गर्ने निवेदनको ढाँचा**

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
गढी गाँउपालिकाको कार्यालय,

**विषयः पालिकास्तरीय महिला सञ्जाल दर्ता गरी पाउँ ।**

**महोदय,**

प्रस्तुत विषयमा यस देवानगञ्ज गाँउपालिका वडा नं. ..मा कार्यालय रहने गरी तपसिल बमोजिम सदस्यहरु रहने गरी .............. **पालिकास्तरीय महिला सञ्जाल** गठन गरिएको हुँदा यस सञ्जाललाई गढी गाँउपालिकाको कार्यालयमा दर्ता गरी दर्ता प्रमाण पत्र उपलब्ध गराई दिनु हुन अनुरोध छ ।

तपसिल

| सि.नं. | वडा सञ्जालका सदस्यको नाम | ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |

निवेदक
प्रतिनिधिको नामः
महिला सञ्जालको नामः
ठेगानाः
मितिः

मस्यौदा प्रति

अनुसुची-४

गाँऊपालिका महिला सञ्जालको विधानको नमुना

अनुसुची-५

(कार्यविधिको दफा -१२ को उपदफा-क सँग सम्वन्धित)

**आत्मनिर्भर महिला समुह सुचिकरण**

**<u>समुह सुचिकरण विवरण</u>**

१) आत्मनिर्भर समुहको नामः

२) ठेगानाः टोलः

३) जम्मा सदस्य संख्याः

४) प्रतिनिधिको नामः सम्पर्क नंः

५) सुचिकरण नं

६) सुचिकरण मिति :-

...............................

सुचिकरण गर्ने अधिकारीको दस्तखत

मस्यौदा प्रति

अनुसूची ६

(कार्यविधिको दफा ८ को उपदफा ४ सँग सम्बन्धित)

**पालिकास्तरीय महिला सञ्जालको दर्ता प्रमाण-पत्रको ढाँचा**

गढी गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय, गढी सुनसरी

दर्ता नं. .........

मितिः

**समूह दर्ता प्रमाण-पत्र**

पालिकास्तरीय महिला सञ्जाल गठन मार्फत यस गाँउपालिकाका महिलाहरुको हित प्रवर्द्धन गर्ने, महिलाहरुको सामाजिक, आर्थिक, राजनीतिक पक्षलाई स्तरोन्नति गर्ने, विकास निर्माणमा महिलाको सहभागिता गराउने, सामाजिक विकृती र विसङ्गतीको विरुद्ध आवाज उठाउने तथा महिलाई सक्रिय र जागरुक गराउने पक्षमा यस महिला सञ्जालको उल्लेखनिय भूमिका हुने अपेक्षाका साथ गढी गाँउपालिका वडा नं. .... कार्यालय रहने गरी गठन भएको .................. पालिकास्तरीय महिला सञ्जाललाई यस कार्यालयमा मिति .............. मा दर्ता गरी यो प्रमाण -पत्र प्रदान गरिएको छ ।

दर्ता गर्ने अधिकारीको

नामः

पदः

दस्तखतः

मितिः

**सञ्जालको नवीकरण विवरण**

| सि.नं. | नवीकरण मिति | नवीकरण अवधि | | नवीकरण दस्तुर | नवीकरण गर्ने अधिकारीको दस्तखत | कार्यलयको छाप |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |